08 NOV, 2024

# The Statesman

INDIA'S NATIONAL NEWSPAPER SINCE 1875

## IIM Calcutta awards two women bodies for social welfare

TARUN GOSWAMI





The Indian Institute of Management Calcutta Innovation Park (IIM-CIP) has awarded two women organisations for the initiative displaying strong commitment to building skills, providing market access and fostering entrepreneurship.

The Hill Social Welfare Society from Kalimpong and Sanrvo Shromojibi Sanstha from North 24 Parganas receives Rs 2.25 lakh each. The award ceremony was held recently at IIM Calcutta Innovation Park.

Contract have (bangla... ...) with support from IIM-CIP as part of their CSR initiative, launched a programme titled Enabling Livelihoods Boosting Women led Rural Enterprises.

The programme aims to support and identify organisations making significant strides in mobilising and supporting women-led businesses at the grassroots level in West Bengal.

As a part of the initiative, an open call was launched where more than 30 enterprises, CSOs, SHGs from across the state applied to showcase their initiative.

Hill Social Welfare Society, based in Kalimpong has been empowering rural women for the past 23 years.

The body focuses on building capacities of women in sectors like horticulture, floriculture, handloom weaving, greenhouse farming and organic farming.

By providing training to women and directly linking them with markets, they have enabled many to generate stable income, contributing financial stability in economically vulnerable areas.

The women have achieved financial independence with sustainable livelihoods.

Sanrvo Shromojibi Sanstha, located in Basirhat in North 24-Parganas, near the Indo-Bangladesh border has played an important role in empowering rural women through skill development and financial inclusion.

The organisation provides training in areas such as sewing, handicrafts and livelihood skills.

They connect the women with financial schemes and low interest loans helping them start small businesses in sectors like fashion, handmade jewelry and farming.

A senior official of a nationalised bank said the SHGs across the state are playing a significant role in the financial empowerment of women.

PHOTO-2024-11-11-12-09-06.jpg

https://mail.google.com/mail/u/0/

# আজকাল

08 NOV, 2024

## মহিলাদের ক্ষমতায়নে অবদান, পুরস্কৃত মণিকা ও শোভা



মণিকা সরকার



শোভা ছেত্রী

congratulations

National Consumer Award -2008 **By**

# कालेबुङको समाज कल्याण कर्मी श्रीमती शोभा छेत्री पुरस्कृत



**Smt. Shova Chhetri**

Hill Social Welfare Society ,Kalimpong

सिलगढी, [illegible] डिसेम्बर [illegible]

[illegible]

**With BEST Complemant Studio klick**

We support the use of recycled newsprint

# The Statesman

KOLKATA | NEW DELHI | SILIGURI | BHUBANESWAR LC 12+4+4 Rs 250

3 FEBRUARY FRIDAY 2012

# A new lease of life for tormented kids

**In an attempt to determine the spread of the Convention of Child Rights in India, a Germany-based global organisation has joined hands with the Hills Social Welfare Society of Kalimpong to remedy a very serious problem, writes**
swaati chaudhury






AT a time when India is all set to figure as an economic superpower, one cannot help wonder whether the condition of the nation's underprivileged children has improved to any appreciable extent. Take a look at some of the stats relating to the living conditions of these children of a lesser god and you cannot help notice that there has been a rise of 26.7 per cent in child murder cases, a 17.3 per cent increase in foeticide, around 74 per cent children below the age of 12 years are abandoned and incidences of child trafficking have risen to 935 per cent, with girl trafficking accounting for a 700 per cent rise between 1994-2009.

These figures are quite shocking and the voices of those children facing a turbulent future often go unheard. In North Bengal's North Dinajpur district, corporal punishment is prevalent in schools and the quality of education has fallen. In an attempt to determine the spread of the Convention of Child Rights in India, the Germany-based Terre des Hommes, a global federation that works for children's rights, hosted a press meet in Kolkata recently. Spurred on by its mission to work for and with children, this international outfit began its journey way back in 1967. In India, it kicked off its chapter with vulnerable groups in Pune in 1975 and has been raising funds to help children facing grinding poverty.

The United Nations Convention on Child Rights was set up in 1989 and India entered into an agreement some time in 1992. The Goa Children Act was framed in 2003.

It has been found that children leading lives of despair are more prone to social malaise like burglary, molestation and abduction. According to Deepanita Biswas, programme coordinator, Terre des Hommes, Eastern region, "A number of laws are passed and plans are formulated on children's rights. It is not the sole responsibility of the state governments but the duty of society to look after the implementation of laws and rights for the children." There is no authentic data available on child vulnerability and families at risk of social tyranny.

Terre des Hommes is making an attempt in the Darjeeling Hills to work with its local project partner – the Hills Social Welfare Society of Kalimpong. Said Biswas, "The project, Pathshala, based on developing education rights for children and determining their health status, took off in November 2010. The parents of children have to shell out school fees in government institution in the Hills and for buying books. We are trying to solve the issue with school teachers. Bengal does not have any state rule on the right to education for children. At a time when tea gardens were ailing in the Darjeeling Hills, child trafficking was rampant. As of now, girl trafficking has increased to an alarming rate in the Hills. Most of the girls are trafficked to work as domestic helps or pushed into prostitution.

"Especially neglected are the children of prisoners and life for them is unspeakably hard. Most of them are denied admission in schools because of objections raised by the parents of other students. Society," Biswas said, "had to be little more sensitive when it came to tackling the issues of juveniles and ensure that these children were not left behind through neglect of the right kind of education."

# एड्स पीड़ितों को समाज से जोड़ने की अपील

- विश्व एड्स दिवस पर विभिन्न स्थान पर कार्यक्रम आयोजित





कालिम्पोंग में ड्रग्स लेने का नाटक करते युवक(ऊपर), गंगटोक में निकाली गई मोबाइल वैन (नीचे) जागरण

कालिम्पोंग/दार्जिलिंग/कर्सियांग/गंगटोक/गेलखे, जागरण टीम : [illegible]




कालिम्पोंग में मानव श्रृंखला बनाए लोग जागरण



कालिम्पोंग में एड्स जागरूकता पर नारे लगातीं छात्राएं जागरण

[illegible]

हिमालय दर्पण

दार्जीलिङ दर्पण

बुधवार, २५ जून २०२५

# हिल सोसियल वेलफेयर सोसाइटीद्वारा विद्यार्थीहरूलाई खाता पेन्सिल वितरण



**पेशोक: २४ जून (रिम) :** हिल सोसियल वेलफेयर सोसाईटी द्वारा पेशोक चियाबारीका दुईवटा विद्यालयहरुका करीब एक से एक जना छात्र-छात्रहरुलाई खाता, पेन्सिल,रबर अनि शार्पनर आदि वितरण गरियो। हिल सोसियल वेलफेयर सोसाईटी, कालेबुङकी सचिवा शोभा छेत्रीको बिशेष पहलमा विद्यालयका ती नानीहरुलाई उक्त खाता पेन्सिल, रबर अनि शार्पनर वितरण गरिएको फिल्ड सुपरभाईजर फिलिप तामांग अनि मिक्सन राईले जानकारी गराएका छन ।

विगत २०१० साल देखि नै पेशोक चियाबारीमा हिल सोसियल वेलफेयर सोसाईटीले बिशेष गरेर नानीहरुको शिक्षा माथि कार्य गरिदै आएको छ भने महिला सशक्तीकरण, बाल अधिकार, बाल शिक्षा, स्वास्थ्य माथि पनि कार्य गर्दै आएको बताईएको छ । आज हिल सोसियल वेलफेयर सोसाईटी का पेशोक अनि लप्चु क्षेत्रका फिल्ड सुपरभाईजरहरुको बाहुली बाट होली फेथ अकादमीका ४५ जना अनि लित्त्ल प्याराडाइज अकादमीका ५६ जना विद्यार्थी नानीहरुलाई खाता, पेन्सिलको साथमा शार्पनर आदि प्रदान गरिएको थियो ।

उक्त वितरण अवधी होली फेथ अकादमीका प्रमुख अनि सहशिक्षिकावर्गको उपस्थिति थियो भने लित्त्ल प्याराडाईज अकादमीकी निर्देशिका विद्या सुब्बा लगायत शिक्षण कर्मीहरुको उपस्थिति थियो । एचएसडब्लुएसको उक्त पहल माथि विद्यालय कर्तृ पक्षले सराहनीय बताउदै आभार व्यक्त गरिएको थप फिल्ड सुपरभाईजरद्वयले जनाएका छन् ।

## कालेबुङ दर्पण

# च्याउ खेतीमा दुई दिवसीय प्रशिक्षण



कालेबुङ, १६ फरवरी (निसं): हिल सोसिलय वेलफयर सोसाइटीले आयोजनामा साथै दसराको सहयोगमा पेदोङ ब्लकका कागे, लोवर जेरोकमा दुई दिवसीय च्याउ खेतीमाथि प्रशिक्षण आरम्भ भयो। जसमा क्षेत्रका २० लाभार्थीहरूले सहभागिता जनाएका छन्। उक्त कार्यक्रममा स्रोत व्यक्तिको रूपमा महेन्द्र छेत्री र सहायक स्रोत एचबी राई रहेका थिए। यसबाहेक कार्यक्रममा सोसाइटीका सचिव शोभा छेत्री, परियोजना संयोजक यमुना छेत्रीको पनि प्रशिक्षणमा मुख्य रूपमा उपस्थिति रहेको थियो।

सिक्किम र असमबाट एकैसाथ प्रकाशित

हाम्रो प्रजाशक्ति

# हिल सोसियल वेल्फेयर सोसाइटीद्वारा महिला सशक्तिकरण जागरूकता कार्यशाला



**कालेबुङ, १९ फरवरी।** सामाजिक सेवा अनि कालेबुङ जिल्ला अन्तर्गत रहेको तीनै खण्डका बेरोजगारहरूलाई स्वरोजगार बनाउने क्षेत्रमा विगत बीस वर्ष अघिदेखि उल्लेखनीय योगदान पुर्‍याउँदै आइरहेको गैर सरकारी संस्था हिल सोसियल वेल्फेयर सोसाइटी कालेबुङले आज पहाडका बेरोजगारहरूले मसिना लघु उद्योग मार्फत रोजगारको अझ बढी अवसर पाउन् भन्ने उद्देश्यले महिला सशक्तिकरण जागरूकता कार्यशाला सम्पन्न गर्‍यो।

यहाँको अप्पर कार्ट रोड स्थित हिल सोसियल वेल्फेयर सोसाइटीको भोकेशनल ट्रेनिङ सेन्टर भवनमा सोसाइटीको आयोजनामा अनि ईडीआईआई अहमदाबाद, यस ब्याङ्क अनि भारत सरकारको खादी कमिशनको संयुक्त सहयोगमा उक्त अवारेश कार्यशाला सम्पन्न भयो। सोसाइटीको व्यवसायिक प्रशिक्षण केन्द्रमा आरम्भ भएको उक्त कार्यशालामा स्थानीय सेल्फ हेल्प ग्रुप (स्वनिर्भर समूह) -का सदस्यवर्ग, कालेबुङ महाविद्यालयका अन्तिम वर्षका विद्यार्थीहरू स-सारा लघु उद्योगका महिला अनि पुरुषहरूको व्यापक उपस्थिति रहेको थियो। सोसाइटीकी सचिव शोभा छेत्रीद्वारा स्वागत सम्बोधन राख्दै उक्त कार्यशाला राख्नुको उद्देश्य अनि औचित्यमाथि प्रकाश पारिन्।

कलकत्ताबाट आएका स्रोत व्यक्तिका रूपमा ईडीआईआई-का क्लस्टर डेभलोपमन्ट मेनेजर सुधीर रोय, ईडीआईआईका प्रोजेक्ट अधिकारी सेन्द्र नाथ मुखर्जी, एनर्जी कन्सोलेन्ट एण्ड ई-कमर्स स्पेशलिष्ट सायन चौधरीद्वारा पालैसित ईडीआईआई-ले स्मल माइक्रो मिडियम इन्टरप्राइज (एमएसएमई)-द्वारा लघु उद्योगलाई विकास गराउन अनलाइनबाट खोलिएर यसबाट योजनाहरू प्राप्त गर्न सक्ने कुराको जानकारी गराए। यस योजनाहरूमा यस ब्याङ्कले सहयोग पुर्‍याउने बताउँदै यहाँका ग्रील, सिकर्मी (कार्पेन्टर), बेकरी, होटल मालिक, मसिना ठूला म्यारेज मालिकाना आदि विषयमाथि प्रशिक्षण प्रदान गरियो। कार्यशालामा उपस्थित प्रशिक्षार्थीहरूलाई विद्युतलाई कम खर्च गराउन र मुनाफा अनि उत्पादन गराउन, वैकल्पिक सम्बन्धित विषयमाथि स्रोत व्यक्तिहरूले प्रशिक्षण दिए।

हिल सोसियल वेल्फेयर सोसाइटीकी महा सचिव शोभा छेत्रीको तत्परतामा पहाडका बेरोजगारलाई स्वनिर्भर बनाउन, स्थानीय लाभार्थीहरूलाई विभिन्न सरकारका योजनाहरू ल्याएर स्थानीय उद्योग धन्दालाई विकसित तुल्याउन सदा अग्रसर रहेको देखिन्छ। कालेबुङ जिल्ला भरिका बेरोजगारहरूलाई उद्योग धन्दामा अग्रसर गराउन धेरैवटा क्षेत्रमा अगरबत्ती, फूलको खेती, ड्राण्डलुम, जैविक खेतीपाती, साग-सब्जी, महको उद्योग, अचारहरू, हातका शिल्पकला, होमस्टे आदि जस्तामा नयाँ तकनिकीद्वारा उनीहरूको दैनिक जीवन आय स्रोतलाई विकसित गराउने बताइन्। छेत्रीले अझ भन्निन्, यहाँका मानिसहरू काम कुराको निम्ति पहाड छोडेर बाहिर जान्छन् तर बाहिर तिर नभएर आफ्नै थलोमा बसेर उद्योग धन्दा गरे बाहिरको भन्दा बढी कमाउनेछन्। बाहिरका मानिसहरू पहाडमा आएर जीवन यापन गरिरहेका छन् भने यहाँकाहरू पनि बाहिर नभएर सरकारद्वारा प्राप्त हुने विभिन्न योजना अन्तर्गत लघु उद्योगमा लागे जीवन सहज रूपले बिताउन सक्ने कुरा श्रीमति छेत्रीले बताइन्। पहाडको आर्थिक समृद्धिको निम्ति सोसाइटीले ईडीआईआई-का तकनिशियनहरूलाई कालेबुङ खण्ड-२ अन्तर्गत सिङ्से ग्राम पञ्चायतको भ्रमण गराइन्। भ्रमण अवधि भुसुना भन्दा पनि मसिना जातका किराले मह काढेको देखेर अवाक बनेका थिए। उक्त किराले काढेको मह भारतमा प्रथम पल्ट देखेको र पाएको बताए। उन महको मूल्य एक किलोको बाह्र हजार रुपियाँ रहेको तकनिशियनहरूले जानकारी गराए। यस क्षेत्रमा भविष्यमा एउटा तीन तल्ले भवन निर्माण गरिने योजना रहेको, क्षेत्रका तीन सय लाभार्थीहरूलाई लिएर बिकिपिङ को संस्कृति आगामी दिनमा गरिने उक्त तकनिशियनहरूले जानकारी गराए। उक्त लाभार्थीहरूमा स्वनिर्भर समूह र व्यक्तिगत पनि रहेका छन्। कृषि, फूड प्रोसेसिङ आदि गर्दै उनीहरूलाई भविष्यमा प्लानिङ गरेर एकजना एक्पोजर राख्ने भएको बताए। यहाँकाहरूका व्यापार धन्दालाई जिल्लामा नै बढाएर लैजाने पनि बताउँदै ब्याङ्कहरूसित सम्पर्क राखेर मार्केटिङ व्यवसाय कसरी गर्ने अन्य उद्योगसित कसरी गरिने अनलाइन कसरी गर्नु त्यो आजको कार्यशालाको मूल विषयहरू रहेको थियो।

NOVEMBER 24, 2017 FRIDAY, GANGTOK
सिक्किम र आसामबाट एकसाथ प्रकाशित
हाम्रो प्रजाशक्ति

# हिल सोसियल वेल्फेयर सोसाइटीद्धारा स्थापना दिवसका साथै साई बाबाको जन्मदिवस पालन

**कालेबुङ, २३ नोभेम्बर।** कालेबुङको एक सक्रिय गैर सरकारी संस्था हिल सोसियल वेल्फेयर सोसाइटीले आज प्रिमताम पथ स्तित आफ्नो १८ औं स्थापना दिवस सितै श्री सत्य साई बाबाको ९२ औं जन्मोत्सव भव्यरूपमा पालन गर्‍यो।

आजभन्दा १८ वर्ष अघि २००० साल २३ नोभेम्बरको दिन स्वामी सत्य साई बाबाको जन्म दिवस कै दिन स्थापना गरिएको यस संस्थाले आज आफ्नो स्थापना दिवस अनि बाबाको प्रतिकृत अघि दीप, धूम एवं माल्यार्पण गरि पालन गरियो।

सोसाइटीका अध्यक्ष एवं कालेबुङ जिल्ला वरिष्ठ अधिवक्ता दिनेश पौड्याल अनि सचिव शोभा छेत्रीको बाहुलीबाट दीप प्रज्ज्वलन गरि बाबाको प्रतिकृतिमा माल्यार्पण गरिए पछि सोसाइटीका प्रमुख सल्लाहकार एमएल सुन्दास कोषाध्यक्ष निमा शेर्पा, अफिस एडमिनिस्ट्रेटर गोविन्द प्रधान, सह-सचिव सुनिता (रसाइली)- गजमेर, प्रोग्राम अफिसर सुश्री मीरा लाबर आदिले पनि माल्यार्पण साथै दीप प्रज्ज्वलन गरि कार्यक्रमलाई अघि बढाए। सोसाइटीकी सचिव शोभा छेत्रीले स्वागत भाषण राखि सञ्चालन गरिएको कार्यक्रमको थाल्नी बोङबस्ती प्रगति संघका सदस्य कमला शर्मा अनि निमा लेप्चाद्वयले सोसाइटीको स्थापना र बाबाको जन्मोत्सवमाथि गीत प्रस्तुत गर्दा उपस्थित महिला अनि पुरूषहरूले पनि साथ दिएका थिए।




सोसाइटीको मूल सचिव श्रीमती छेत्रीले आफ्नो सम्बोधन राख्दै सोसाइटीले यो १८ वर्षको अवधिमा गरेको क्रियाकलापमा विकासका कार्य, ट्राफिकिङ, कालेबुङ लगायत विभिन्न ग्रामीण क्षेत्रका स्वर्निभर समूहहरूलाई प्रशिक्षण दिइएको स्थानीय स्वर्निभर दलहरूलाई विभिन्न क्षेत्रमा नर्सरी खोलिदिएको, सौचालयहरू निर्माण गरिदिएको आदि जस्ता जनहितको निम्ति सोसाइटीले गरिरहेको कार्यहरूमा प्रकाश पारिन्।

कार्यक्रममा तकदा टी प्रोजेकटका १० जना कर्मचारी, लप्चू-पेसोकका १४ जना कर्मचारी-शुभचिन्तक, व्यक्ति विशेष, लिङ्गसे खा-क्षेत्रका वल्लभ राणा, लिङ्गसे प्रोजेक्ट कोर्डिनेटर कृष्ण शर्मा आदिको व्यापक उपस्थिति रहेको थियो।

भारतको पहिलो रङ्गीन नेपाली / गोर्खा दैनिक

# हिमालय दर्पण

16/02/15

हिमालय दर्पण

सिलगढी, सोमवार १६ फरवरी २०१५

# नानीकी आमा बन्न गइरहेकी नानीको व्यथाले छट्पटियो पहाड़

**कालेबुङ, १५ फरवरी (निस):** टिस्टा गपुर बस्तीकी एउटी नाबालिकमाथि कुकर्मकाण्डका अपराधी सुनिल राईले आजीवन कारावासको सजाय पाउनु पहाड़मा हुने नाबालिक वा महिलामाथि हिंसा विरुद्ध ठूलो सामाजिक विजय मात्र साबित भएन तर त्यसपछि यस्ता अपराधहरूलाई 'गुपचुप' दबाउने वा मेल-मिलापद्वारा निस्ठ्याउने परम्पराको पनि लगभग अन्त्य भएको छ। अब नागरिकहरू कम से कम यस्ता अपराधहरूको विरोधमा खुलेर आउन थालेका छन्, अभिभावकहरू पनि अपराधी पोल्ने फुल्टो बालेर निस्कन थालेका छन्। नत्र विगतमा यस्ता कुराहरू भित्रभित्रै मिलाउने प्रचलन थियो। अहिले अपराधीहरू दोषअनुसारको दण्ड भोग्दैछन्। यस परिप्रेक्ष्यलाई सकारात्मक रूपमा लिनु सकिन्छ, तर यस्ता अपराधका दर घट्नुको सट्टा बढ्दै गएकाले चिन्ता बढ्नु स्वाभाविक हो। प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै देशका अभिभावकहरूलाई केवल छोरीलाई मात्र सामाजिक बन्देजको परिधिभित्र नराखेर छोरालाई पनि राख्नुपर्ने वकालती गरेका थिए। आखिर छोरीको जातमाथि अपराध गर्ने व्यक्ति पनि कसैको छोरा नै हुन्छन् भन्ने उनको सन्देश थियो। मोदीको भाषणको प्रभाव भारतीय समाजमा के कति पर्यो त्यसको लेखाजोखा यस वर्षको अन्त्यमा मात्र थाहा लाग्नेछ तर यता मुख्य पहाड़मा प्रधानमन्त्रीको सन्देशदेखि प्राय: बेखबर



सिस्टर शुभेषणा थापा



शोभा छेत्री

समाज बाल यौन शोषणद्वारा आक्रान्त नै रहेको प्रकाशमा आएका घटनाहरूले साबित गरिरहेका छन्। गीतडाबलिङको अप्पर पोचोक गाउँको ताजा घटनाले फेरि पहाड़लाई हल्लाइदियो। कुन अभिभावकको मन काँप्दैन, एउटी १३ वर्षकी बालिका गर्भवती भएको कुरा सुन्दा। यो जघन्य अपराध गर्ने आरोपीहरूले भारतीय न्यायिक प्रक्रियाअन्तर्गत अब कस्तो शास्ति पाउने हुन् त्यो समयले बताउने कुरा हो, तर एउटी नानी, अर्को नानीको आमा बन्न गइरहेको यो परिप्रेक्ष्य अत्यन्तै पीडादायक प्रहसन बनेर उभिएको छ। आखिर पहाड़को सामाजिक संरचना कतातिर ढल्किँदैछ? कम से कम अभिभावकहरूले यसमाथि एकपल्ट सामूहिक मन्थन गर्नुपर्ने आजको आवश्यकता बनेको देखिन्छ। गाउँको कुरा गर्दा, गाउँमा पहिला पञ्चायत हुन्थे, पञ्च परमेश्वर हुन्थे। समाजमा हुने यस्ता छुटपुट अपराधहरूमा समाज उठेर फैसला गर्थे। पञ्चायत बस्थ्यो, पञ्च परमेश्वरले फैसला गर्थे, त्यो मान्य हुन्थ्यो। यस्ता अपराधका दसी-प्रमाण नपाइएको खण्डमा गोबरले भुईं लिपेर दीयो कलश गरी कसम खुवाउने पनि चलन थियो। यी सबै सामाजिक चलन र धार्मिक मान्यताका कारण अहिले सम्झँदा यस्तो लाग्छ, त्यस बेलाको समाज बलियो थियो। समाज नै न्यायालय थियो किनभने त्यो समाजले सुनाएको फैसला नै अन्तिम हुन्थ्यो। फलस्वरूप मानिसहरू समाजसित डराउँथे, समाजको नीति-नियमसित मानिसहरू भयभीत हुन्थे। अहिलेको समाज ती तथाकथित रूढिहरूदेखि प्राय: मुक्त भइसकेको समाज हो। उन्मुक्तदेखि विस्तारै उन्मत्त समाजमा परिणत बन्दै गएपछि यस्ता सामाजिक विसङ्गतिका घटनाहरू पनि बढ्दै गएको स्वाभाविक रूपले बोध हुन्छ। यस तर्कमा लगभग सहमति जनाउँदै यहाँको एउटा सामाजिक सङ्गठन बाल सुरक्षा अभियान ट्रष्टकी निर्देशिका सिस्टर शुभेषणा थापा सामाजिक अपराधहरूलाई रोक्नु हो भने गाउँको समाज दह्रो हुनुपर्छ अनि समाज दह्रो हुनका लागि प्रत्येक जात-जातिका सङ्गठनहरू सक्रिय हुनुपर्छ भन्ने मन्तव्य अघि राख्छिन्। उनी भन्छिन्- समाजमा केवल बाल यौन शोषण मात्र होइन तर लोग्ने-स्वास्नीको पारिवारिक कलहको कारण पनि धेरै संख्यामा बाल-बालिकाहरू पीड़ित वा प्रताड़ित हुनु पर्दछ। यी सबै सामाजिक विसङ्गतिका घटनाहरूमा विभिन्न जात-जातिका सङ्गठनहरू सक्रिय भएर अघि आउनुपर्छ भन्ने उनको ध्येय छ। कुन जातका बाल-बालिकामाथि यस्तो यौन शोषण वा अन्य अपराध हुन्छ, सर्वप्रथम त्यही जातिका मानिसहरू अघि आएर दोषीलाई पहिला सामाजिक स्तरमा सजाय दिनुपर्छ, त्यसपछि न्यायिक सजाय दिने पहल गर्नुपर्छ। यसोगरिए हरेक जातका नानीहरूमा पहिला आफ्नो जातप्रति 'सेन्स अफ् बिलङ्गिङ'-को भावना आउनेछ भने समाजप्रति पनि जवाफदेही बन्दै जानेछन्। फलस्वरूप एकातिर सामाजिक जिम्मेवारीको भावना विकसित भई नानीहरू आफ्नो अस्मिता रक्षाका लागि र औजारहरू तयार गर्नपट्टि लाग्नेछन् भने अर्कोतिर समाजका आपराधिक मानसिकताका मानिसहरूको नैतिक पतन भई अपराधजन्य दुस्साहस पनि विस्तारै घट्दै जानेछ भन्ने सिस्टर थापाको धारणा रहेको छ। यसअघि 'च्यारिटी बिगिन्स होम' भने झैं सर्वप्रथम प्रत्येक नानीका अभिभावकहरू आफ्ना छोरा वा छोरीप्रति यस्ता सामाजिक अपराधप्रति सजग रहनु पहिलो कर्तव्य हो भन्ने पनि सिस्टर थापा बताउँछिन्। विशेष गरी महिला तस्करीको रोकथाममाथि काम गर्दै आएको हिल सोसियल वेलफेयर सोसाइटीकी सचिवा श्रीमती शोभा छेत्रीले बितेको वर्ष २०१४-मा पहाड़का छोरी-चेली अर्थात् महिलामाथि अझै बेसी अपराध भएको उल्लेख गर्दै चिन्ता व्यक्त गरिन्। उनी भन्छिन्- मान्छेको दिमागमा आपराधिक भावना कति बेला आउँछ त्यो भन्न सकिँदैन। तर त्यस्ता अपराधको सामाजिक अनि वैधानिक सजाय के हुन्छ भन्ने विषयलाई समाजले प्रमुखता दिएमा यस्ता अपराधहरूमा धेरै लगाम लाग्नेछ। यस्ता अपराधहरू मान्छेको प्रवृत्तिमाथि निर्भर गर्ने कुरा गर्दै श्रीमती छेत्रीले सामाजिक सचेतना जगाउनु नै यसको समाधानको उठान बिन्दु रहेको बताइन्। महिला तस्करीमाथि बोल्दै उनले भनिन्- यो एउटा विश्व समस्या हो। दार्जीलिङ पहाड़को कुरा गर्नुपर्दा यहाँ रोजगार र अवसरको घोर अभाव रहेको हुनाले यहाँको मानव संसाधन पलायन हुनु स्वाभाविक हो। अनि यो पलायनसँगै महिला तस्करीको कहानी पनि जोड़िएको छ। यसैकारण यो समस्याको समाधानसँग यहाँको राजनैतिक एवं प्रशासनिक व्यवस्थाको सक्रियता पनि जोड़िएको छ भन्ने उनको धारणा छ।

अप्पर पोचोकको ताजा घटनाले कम्तीमा पहाड़का जिम्मेवार अभिभावकहरूको रौं ठाडो पारिदिएको छ। स्वाभाविक प्रश्न हो - दोषीलाई सजाय हुनुपर्छ। तर अजय सिंह र राम राईको जेलयात्राले नै यो कहानीको अन्त्य हुनेछैन। सुधारका पाइलाहरू धेरै चाल्नुछ, जनजागरणका कामहरू पनि धेरै गरिनुछ, ताकि फेरि कुनै नाबालिक गर्भवती बन्न नपरोस्, कुनै दम्पतिको पारिवारिक कलहको सजाय नानीहरूले पाउन नपरोस् अनि फेरि कुनै पहाड़ी बाला कामदारको रूपमा शोषणको शिकार बन्न नपरोस्।

हिमालय दर्पण

कालेबुङ दर्पण

### एचएसडब्ल्यूएसको सेल युनिट उद्घाटन

# नारी सशक्तिकरणका निम्ति सक्दो सहयोग गर्नेछुः डीएम

कालेबुङ, १३ जनवरी (निसं): ३ वटै ब्लकहरूलाई समेटेर हिल सोसियल वेल्फेयर सोसाटीको आज सेल युनिटको उद्घाटन गरेको छ। यहाँको भोकेसनल ट्रेनिङ सेन्टरमा सम्पन्न उक्त उद्घाटन समारोहको मुख्य अतिथि कालेबुङ जिल्लापाल आर. विमला रहेकी थिइन्। मुख्य अतिथिका बाहुलीबाट रिबन काटेर उक्त सेल युनिटको उद्घाटन गरिएको थियो।



बेरोजगारहरूका निम्ति रोजगारी खोलाउने उद्देश्यले खोलिएको उक्त सेल युनिटमा क्षेत्रीय उत्पादन, सरसामग्री, फुल, आर्ट एन्ड क्राफ्ट आदि उपलब्ध रहने छन्। कार्यक्रमलाई सम्बोधन गर्दै जिल्लापाल आर. विमलाले नारी सशक्तिकरण, नारी सुरक्षा अनि नारी उत्थानका निम्ति आफ्नो तहबाट सक्दो सहयोग गर्ने बताइन्। नारी सशक्तिकरणलाई ध्यानमा राख्दै सेल युनिट खोलेकोमा हिल सोसियल वेल्फेयर सोसाइटीलाई जिल्लापाल आर. विमलाले बधाई अनि आभार पनि व्यक्त गरिन्। यसरी नै हिल सोसियल वेल्फेयर सोसाटीकी सचिव सोभा छेत्रीले भनिन्, ''नारी सशक्तिकरण र बेरोजगार समस्यालाई केही हदसम्म भए पनि समाधान गर्नका निम्ति सेल युनिट हिल सोसियल वेल्फेयर सोसाइटीले खोलिएको हो। क्षेत्रीय उत्पादनलाई यहाँ ल्याएर बजार व्यवस्थापन गराइने छ।''

यसै समारोहबिच ब्युटिसियन कोर्स समाप्त गर्ने प्रायः १५० विद्यार्थीहरूलाई प्रमाण पत्र पनि मुख्य अतिथिका बाहुलीबाट प्रदान गरिएको थियो। उक्त उद्घाटन कार्यक्रममा तीनैवटा ब्लकका एसएचजीका प्रतिनिधिहरू लगायत गण्यमान्य व्यक्तिहरूका उपस्थिति रहेका थिए।

सिलगढी, ३० डिसम्बर २०२० बुधवार

Siliguri 30 December, Wednesday 2020

# हिमालय दर्पण

भारतको पहिलो रङ्गीन नेपाली/गोर्खा दैनिक

## कालेबुङ दर्पण

# मेञ्जोङमा तीन महिने हातेतान प्रशिक्षण केन्द्र आरम्भ

**अलगडा, २९ दिसम्बर (निस):** हिल सोसियल वेलफेयर सोसाइटी कालेबुङको आयोजनामा सन्तक ग्राम पञ्चायत अन्तर्गत मेन्जोङ बस्तीमा आजदेखि तीन महिने हाते तान प्रशिक्षण शिविरको आरम्भ गरियो। उक्त कार्यक्रममा कालेबुङ जिल्लापाल आर बिमला आइएएस, खण्ड विकास अधिकारी गंगा छेत्री, हिल सोसियल वेल्फेयर सोसाइटी कालेबुङकी सचिव शोभा छेत्री आदिको विशेष उपस्थिति रहेको थियो। प्रमुख अतिथि साथै अन्य अतिथिहरूको बाहुलीबाट दीप प्रज्वल गरेपछि उक्त तीन महिने हात तान शिविरको उद्घाटन गरिएको थियो। महिला शक्तिकरणसितै महिलाहरूलाई स्व निर्भर बनाउने उद्देश्य लिएर उक्त हाते तान प्रशिक्षण शिविर आरम्भ गरिएको बताइएको छ। उक्त तीन महिने प्रशिक्षण शिविर स्थानीय निवासी किशोर छेत्रीको घर परिसरमा सम्पन्न भइरहेको छ भने उक्त शिविरमा ३० जना स्थानीय महिलाहरूले प्रशिक्षण लिइरहेकी छन्। हिल सोसियल वेलफेयर सोसाइटीका प्रशिक्षकद्वय पासाङ



डोमा लामा अनि मधु प्रधानद्वारा प्रशिक्षार्थीहरूलाई हातेतानबारे प्रशिक्षण प्रदान गरिरहेका छन्। प्रशिक्षण अवधि प्रशिक्षार्थीहरूलाई हातेतान माध्यमबाट धेरै परिकार सल, मफ्लर, सर्टिङ, ब्याग, म्याक्ला आदि बुन्ने प्रशिक्षण प्रदान गरिने भएको छ।

कार्यक्रममा हिल सोसियल वेलफेयर सोसाइटीकी सचिव शोभा छेत्रीले महिलाहरूलाई स्वनिर्भर बनाउने उद्देश्य लिएर सोसाइटीको पहलमा साथै यहाँको महिलाहरूको आग्रहमा यस हातेतान 'प्रशिक्षण आरम्भ गरेको बताइन्। उनले गत मई, जुन महिनामा यहाँका महिला दिदी-बहिनीहरूलाई लिएर च्याउ खेती, फूल खेती अनि विभिन्न प्रकारका साग सब्जी खेतीबारे प्रशिक्षण प्रदान गरिसकेको जनाइन्। उनले हाते तानद्वारा बनिएको उत्पादित वस्तुहरूको बजारमा दिन प्रतिदिन माग बढ्दिरहेको बताउँदै यसलाई आगामी दिनहरूमा सुचारू रूपमा अघि बढाएर लान सकेमा आर्थिक उन्नतिसितै महिलाहरू स्व निर्भर बनेर जीविकोपार्जको एउटा साधन बनाउन सक्ने विश्वास पनि प्रकट गरिन्। कार्यक्रममा जिल्लापाल आर. बिमलाले हातेतान प्रशीक्षार्थीहरूलाई शुभकामना अनि बधाई पनि दिइ- उनले यस हातेतानको माध्यबाट महिलाहरू स्व निर्भर बन्नुसक्ने पनि बताइन्। उनले यहाँ कतिपय समस्याहरू रहेको अनि ती समस्याहरूको समाधानको निम्ति आफ्नो पक्षबाट हुन सक्ने सहयोग पुराउन सधैँ तत्पर रहने बताइन्। जिल्लापाल आर बिमलाले हाल पश्चिम बङ्गाल सरकारको आयोजना दैलमा सरकार नामक कार्यक्रम मार्फत धेरैवटा सरकारी योजनाहरूको लाभ उठाउन सक्ने विश्वास पनि प्रकट गरिन्। कार्यक्रममा खण्ड विकास अधिकारी गङ्गा छेत्रीले क्षेत्रको विकासका निम्ति के कस्तो प्रकारले हुन्छ क्षेत्रको सर्वाङ्गिन विकासका निम्ति सरकार पक्षबाट हुन सक्ने सहयोग पुराउन सधैँ प्रयासरत रहने पनि बताइन्। यसै कार्यक्रमबिच हिल सोसियल वेलफेयर सोसाइटी मार्फत मेन्जोङ युवा सङ्घद्वारा मेन्जोङमा उपस्वास्थ्य केन्द्र निर्माणका निम्ति जिल्लापाल अनि खण्ड विकास अधिकारीलाई ज्ञापन पत्र पनि चढाएको छ। सन्तोष बस्नेतद्वारा सञ्चालित कार्यक्रममा स्थानीय स्वनिर्भर समूहका सदस्यहरू साथै स्थानीय बाल कलाकारहरूद्वारा गीत साथै नृत्य आदि पनि प्रस्तुत गरिएको थियो भने अन्तमा दिवस राईले धन्यवाद ज्ञापन गरेका थिए।

हिमालय दर्पण कालेबुङ दर्पण

सिलगढ़ी
बिहीवार, १० अगस्त २०२३

# सरकारी अधिकारीहरूले गरे भोकेशनल तालीम केन्द्रको भ्रमण



कालेबुङ, ९ अगस्त (निसं): कालेबुङ, पश्चिम बङ्गाल सरकारका केही अधिकारीहरूले हिल सोसियल वेल्फेयर सोसाइटीको भोकेसनल तालिम केन्द्रको निरीक्षण गरेका छन्। अधिकारीहरूको उक्त टोलीमा टेक्सटाइलका अतिरिक्त निर्देशक सुदिप्त भट्टाचार्य अनि पश्चिम बङ्गाल एसएसआइका संयुक्त निर्देशक राजकुमार मित्रा, डिआइसी गौतम मुखर्जी, डिस्ट्रिक्ट हेन्डलुम अफिसर सुकुमार बा आदिको मुख्य रूपमा उपस्थिति रहेको थियो। पहाडमा महिलाहरूले हेन्डलुम, गुन्द्रुक, अचार उत्पादन सरी अन्य कामहरू कसरी गरिरहेका छन् अनि यसको वर्तमान अवस्था के छ भन्नेबारे जानकारी लिनका निम्ति उक्त अधिकारीहरूद्वारा यस भ्रमण गरेको बताइएको छ। यसबाहेक यस भ्रमणमा अधिकारीहरूले नारी सशक्तिकरणलाई लिएर पनि विभिन्न सल्लाह सुझावहरू राखेका थिए। हिल सोसियल मार्फत नारीहरूको उत्थानका निम्ति भइरहेको विभिन्न कामहरू देखेर अधिकारीहरूले खुसी व्यक्त गरेको सोसाइटीकी मूल सचिव शोभा छेत्रीले जानकारी गराएकी छन्। तिनले नारीहरूलाई अझ आत्मनिर्भर गराउनका निम्ति सरकारको विभिन्न योजनाहरू रहेको बताइन्। नारीहरूलाई लिएर बनाइएको सरकारको विभिन्न योजनाहरूमा नारीहरूलाई सहभागी बनाउने हिसले पर जनाइन् यस कार्यक्रममा सोसाइटीका उपाध्यक्ष पासाङ डोमा लामा, विमला प्रधान, पुजा शर्मा, सुलोचना कार्की, [illegible] छेत्री, प्रतिभा शर्मा अनि अन्य नारीहरूको उपस्थिति रहेको थियो।






## पाँच युवतीहरूलाई पूणेबाट उद्धार

# अझसम्म पनि समाजमा मानव तस्करी रोकिएको छैन




पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै संगठनका पदाधिकारीहरूको साथमा ज्योति कार्की । फोटो: दर्पण

# हिमालय दर्पण

भारतको पहिलो राष्ट्रिय नेपाली/गोर्खा दैनिक


## बेरोजगार समस्या समाधान गर्ने उद्देश्यले सभा

**कालेबुङ, १९ अक्टोबर (निसं):** आज शोभा छेत्रीको नेत्रीत्वमा यहाँको अप्पर कार्ट रोड समाज भवनमा एउटा सभा सम्पन्न भयो। सभाको मुख्य उद्देश्य कालेबुङ जिल्लाअन्तर्गत कतिपय होम स्टेहरूलाई अझ फस्टाउन, फैलाउनु, सुचारु रूपले चलाउन साथै गोर्खा जातीय वेशभूषा, खानपान, जातीय गाजाबाजा, गीत-सङ्गीत विषय बाहिर देश-विदेशबाट घुम्न, बस्न आउने पर्यटकहरू जानकारी गराउन आदि रहेको थियो। यसबाहेक बेरोजगार ब्राहकलगायत दाजुभाइ, दिदी [illegible]लाई रोजगारको



प्रावधान गराउने उद्देश्य यसै सभाबिच कमिटी पनि गठन गरियो। यसमा अध्यक्ष विजयकुमार थापा, उपाध्यक्ष होमबहादुर छेत्री, सचिव पारस शर्मा, सहसचिव सुवाष छेत्री, कोषाध्यक्ष प्रणय तामाङ, प्रचारप्रसार प्रमुख सम्राट घटकलगायत ५ जना कार्यकारी सदस्यहरू रहेका छन्।

# पैंहो पीडितहरूलाई हिसोवेसोद्वारा साङ्सेमा खाद्य सामाग्री र पशु वितरण




**कालेबुङ, १० नोभेम्बर।** गैर सामाजिक संस्था हिल सोसियल वेल्फेयर सोसाइटी (हिसोवेसो) - कालेबुङले सधैं खाँचोमा परेका अनि बेरोजगार मानिसहरूलाई आफ्नो सहयोगी हातहरू विस्तार गर्दै र समाजमा आफ्नो योगदान प्रदान गर्ने सक्दो प्रयास गरेको छ। सोसाइटी कि सचिव चौधरी शोभा छेत्री सदैव केही राम्रो कार्य गर्ने सोच बनाएर भल-पैहो, आगामीमा पनि पीडित अनि बेरोजगारहरूलाई स्वनिर्भर बनाउनका लागि सधैं प्रोत्साहन गर्ने क्रममा यसपालि कालेबुङ जिल्ला खण्ड २ अन्तर्गत साङ्से खासमाल क्षेत्रमा हिल सोसियल वेल्फेयर सोसाइटीद्वारा गत वर्ष वर्षाको समयमा पैहोको चपेटमा परेका प्रभावित मानिसहरूलाई खाद्य सामग्री साथै पाल्तु पशुहरू, तारपोलिन आदि वितरण गरियो। गत वर्षको जुन महिनामा आएको भारी वर्षाको कारणले क्षेत्रका ५० (पचास) गाईं अति पैहो प्रभावित बनेका थिए। उसमा सोसाइटीद्वारा मलिबारी, मुलखर्क, खिम्बोङ, तुमलाबुङ आदि क्षेत्रहरूमा राहत वितरण गरिएको थियो। राहतसँगै क्षेत्रवासीको आजीविकाको समस्यालाई केही हदसम्म भरपूर्ति गर्नेलाई सोसाइटीद्वारा प्रभावित मानिसहरूलाई घरमा पालिने पशुहरू पनि प्रदान गरियो। उक्त राहत वितरणमा सोसाइटीका आर्थिक सहकारी ग्लोबल ग्रिन ग्रान्ट फण्डले सहयोग पुर्‍याएको थियो। यस राहत वितरण कार्यक्रममा सोसाइटीका अध्यक्ष सुश्री मीरा लामा, सचिव शोभा छेत्री, कोषाध्यक्ष इन्दुमाया गुरुङ, यमुना कार्की, सुलोचना कार्कीको विशेष उपस्थिति रहेको थियो। क्षेत्रका २१५ घर परिवारले यस राहतको लाभ उठाएको जानकारी शिक्षक एवं साहित्यकार विशाल राई दिस्टेले दिएका छन्।

हिमालय दर्पण

कालेबुङ दर्पण

सिलगढ़ी
बुधवार, ३ जुलाई २०२४



# हिल वेलफेयर सोसाइटीद्वारा प्रमाण-पत्र वितरण



**कालेबुङ, २ जुलाई (निसं):** भारतको उद्यमशीलता विकास संस्थान भारत सरकारको सहयोगमा यहाँको हिल वेलफेयर सोसाइटीद्वारा ह्यान्डलूम विषय तालिमको प्रमाण पत्र वितरण गरियो। कार्यक्रममा मुख्य अतिथिका रूपमा कालेबुङ ब्लक १ बीडीओ समेकल इस्लाम रहेका थिए भने सेन्ट्रल बयाङ्क अफ इन्डियाका निखिल विशेष अतिथिका रूपमा थिए। यसबाहेक कार्यक्रममा लक्ष्मी बाजला, कालेबुङ हिल वेलफेयर सोसाइटीको सचिव शोभा छेत्री, उपाध्यक्ष सुधा लामा, कर्मचारी पूजा शर्मा, कमल थापा, मौसमी शर्मा, अनिता बिश्वकर्मा, पासाङ डोल्मा, व्यवस्थापन अध्यक्ष मधु प्रधान, दुर्गा दाहाल, हेमा थापा अनि अन्य सदस्यहरूको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा ह्यान्डुलम विषय तालिम लिने जम्मा ३० जना प्रशिक्षणार्थीहरूलाई बीडीओको समेकल इस्लामको बाहुलीबाट प्रमाण पत्र वितरण गरिएको जानकारी सोसाइटीकी सचिव शोभा छेत्रीले गराएकी छन्।

21/05/2024.

# लिगल सचेतना कार्यक्रम



भारतको पहिलो रङ्गीन नेपाली/गोर्खा दैनिक
हिमालय दर्पण

# फ्यासन डिजाइनिङ कोर्स अनि ह्याण्डलुम वेबिङ प्रोडक्शनको उद्घाटन



कालेबुङ, २४ अगस्त (निस): सक्रिय सामाजिक संस्था हिल सोसियल वेलफेयर सोसाइटीले एक महत्वपूर्ण कार्यक्रम अन्तर्गत फ्यासन डिजाइनिङ कोर्स अनि ह्यान्डलुम वेबिङ प्रडक्सन को उद्घाटन समारोह सम्पन्न गरेको छ। उक्त कार्यक्रममा समाजका प्रबुद्ध व्यक्तिहरू, विभिन्न क्षेत्रका अतिथिहरू तथा स्थानीयबासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो। कार्यक्रममा मुख्य अतिथिका रूपमा कालेबुङ क्षेत्रका विधायक रुदेन सादा लेप्चा, गेस्ट अफ अनरका रूपमा सीआईएसएफ इन्स्पेक्टर जानिम मुख्या, तथा विशेष अतिथिका रूपमा स्थानीय होटलका मालिक सिद्धान्त सुद लगायत अन्य प्रतिष्ठित पाहुनाहरू उपस्थित थिए। मुख्य अतिथि विधायक रुदेन सादा लेप्चाले सम्बोधन गर्दै हिल सोसियल वेलफेयर सोसाइटीले समाज तथा विशेषगरी महिलाहरूको सशक्तीकरणका लागि गरेको काम सराहनीय रहेको बताए। उनले संस्थाले आफ्नो अपेक्षाभन्दा बढी प्रभावकारी कार्य गरेको भन्दै प्रशंसा गरे। यसै समारोहमा सन् २००४ मा सोसाइटीले सञ्चालन गरेको हेल्थ क्याम्पमा त्यसताक सहयोग पुऱ्याएको र कालेबुङलाई विभिन्न क्षेत्रमा दिएको योगदानको कदर गर्दै सोसाइटीले रुदेन सादा लेप्चालाई सम्मान समेत गरेको थियो। त्यसैगरी इन्स्पेक्टर जानिम मुख्याले मानव बेचबिखन रोकथाम तथा अनुचित बाहिरी रोजगारी सम्बन्धी विषयमा जागरण ल्याउने खालको मन्तव्य राख्दै महिलाहरूले स्वनिर्भर भएर विभिन्न व्यवसायिक क्षेत्रमा अघि बढ्न सक्ने सन्देश दिए। कार्यक्रमकै क्रममा सोसाइटीले कालेबुङ विधायकलाई एउटा अतिरिक्त कोठा निर्माणका लागि ज्ञापनपत्र पनि बुझाएको थियो। कार्यक्रमपश्चात सोसाइटीकी सचिव सोभा छेत्रीले भनिन् – हाम्रो प्रमुख उद्देश्य महिलाहरूलाई आत्मनिर्भर बनाउन हो, ताकि उनीहरूले आफ्नै ठाउँमै विभिन्न व्यवसाय सञ्चालन गरेर जीविकोपार्जन गर्न सकून्। हामीले उत्पादन गरेका सामग्रीहरूलाई बाहिर बजारमा पठाउने तयारीसमेत भइरहेको छ।

उक्त कार्यक्रममा विभिन्न ठाउँबाट आएका महिलाहरूको बाक्लो उपस्थिति देखिएको थियो। उपस्थित महिला सहभागीहरूले फेशन